**नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालय सेवा आयोगको रिक्त अध्यक्ष र सदस्य पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको सूचना।**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०६/०१)**

नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३ को दफा ९क. को उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष तथा खण्ड (ग) बमोजिमको सदस्य, पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा १९ को उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष तथा खण्ड (ग) बमोजिमको सदस्य, सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २१ को उपदफा (२) को खण्ड (क) बमोजिमको अध्यक्ष तथा खण्ड (ग) बमोजिमको सदस्य, मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २१ को उपदफा (२) को खण्ड (क) बमोजिमको अध्यक्ष तथा खण्ड (ग) बमोजिमको सदस्य, कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा २१ को उपदफा (२) को खण्ड (क) बमोजिमको अध्यक्ष तथा खण्ड (ग) बमोजिमको सदस्य र राजर्षि जनक विश्वविद्यालयको ऐन, २०७४ को दफा २१ को उपदफा (२) को खण्ड (क) बमोजिमको अध्यक्ष तथा खण्ड (ग) बमोजिमको सदस्य पद रिक्त रहेकाले इच्छुक व्यक्तिहरूले क) वैयक्तिक विवरण ख) माथिल्लो शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि ग) नागरिकताको प्रतिलिपि र घ) हाल कार्यरत रहेको भए कार्यरत पदको नियुक्ति पत्र तथा सेवा निवृत्तको हकमा पछिल्लो कार्यरत पदको प्रमाण खुल्ने कागजात सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सात दिनभित्र कार्यालय समयभित्र शिक्षा तथा खेलकुद मन्त्रालय, उच्च शिक्षा शाखामा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल